हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

आज मिती २०७७ साल कार्तिक महिनाको २० गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | प्रमीला |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | मैमुन |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | लक्ष्मी |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | वेद |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | सुनैना |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | खहेरु |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।०७।२०

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. आयुर्वेदको औषधी खरिद सम्वन्धमा ।

२. आर्थिक सहायता सम्वन्धमा ।

३. पशु विकास कार्यक्रम सम्वन्धमा ।

४. इलाका प्रहरी कार्यालयमा स्वास्थ्य शिविरको खर्च सम्वन्धमा ।

५. पिडारी वर्थिंग सेन्टरको भवन सम्वन्धमा ।

६. फर्निचर ब्यवस्थापन सम्वन्धमा ।

७. कोरोना संक्रमीत भएका स्वास्थ्यकर्मी तथा जनप्रतिनीधिहरुको खाजा तथा खाना सम्वन्धमा ।

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको आयुर्वेदको औषधी खरिद सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ९ पिडारीमा आयुर्वेद औषधालयबाट कोभिड-१९ कोरोना संक्रमणको रोकथामको लागि रोग प्रतिरोधात्मक क्षमता बढाउनको लागि प्रत्येक वडामा आयुर्वेदिक कार्यक्रम संचालन तथा औषधी वितरण कार्यक्रमको लागि छैठौ नगरसभाको हरिपुर नगरपालिकाको पेज नं. ११ को सिंनं. ६३ मा औषधी तथा स्वास्थ्य उपकरण खरिद कार्यक्रम खर्च शिर्षक नं. २७२१३ मा रु. २७,००,०००।०० विनियोजन भएको मध्ये रकम रु. ४,५०,०००।०० सार्वजनिक खरिद ऐनको सोझै खरिद विधि (कोटेशन) मार्फत आयुर्वेद औषधी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको आर्थिक सहायता सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडाहरुमा हुरी बतास, विलिचिंग पाउडर नाला तथा बाटोमा छडने बेलामा घाइते भएका ब्यक्तिहरु र यस कार्यपालिकाका सदस्य जनक महरा पारालाइसिस विमारी भएका बेला एम्वुलेन्स खर्च तथा वाढीले घरहरु ध्वस्त भएर प्रभावित भएका देहायका ब्यक्तिहरुलाई छैठौ नगरसभाको हरिपुर नगरपालिकाको पेज १० सि.नं. ५९ मा विनियोजन भएको रु. ७,००,०००।०० मध्येबाट देहाय बमोजिमको रकम आर्थिक सहायता तथा क्षतीपुर्ति दिने निर्णय गरियो ।

| क.सं. | नाम | वडा नं. | आर्थिक सहायता रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जरनैल अंसारी | ५ | १०००० | |
| २ | अमरुल नोस | ५ | १०००० | |
| ३ | रामवीर पासवान | ८ | १०००० | |

मिती २०७७।०७।२०

| | | | | |
|---|---|---|---|---|
| ४ | उदय पासवान | ८ | १०००० | |
| ५ | रतन पासवान | ८ | १०००० | |
| ६ | रेवीया देवी माझी | ६ | १०००० | |
| ७ | पचु ठाकुर लोहार | ६ | १०००० | |
| ८ | विरेन्द्र प्रसाद साह | ९ | १०००० | |
| ९ | मुनाफ मंसुर | ६ | १०००० | |
| १० | महजीदा खातुन | ५ | १०००० | |
| ११ | सुर्य नारायण महरा | ४ | १०००० | |
| १२ | रेयाज मंसुर | ६ | १०००० | |
| १३ | मकर बहादुर थापा | २ | १०००० | |
| १४ | राम सेवक चौधरी | ७ | १०००० | |
| १५ | सुरज कुमार दनुवार | ४ | १०००० | उपचार खर्च |
| १६ | महेन्द्र महतो | ३ | १०००० | उपचार खर्च |
| १७ | जनक महरा | ४ | १०००० | एम्वुलेन्स भाडा |

हरिपुर नगरपालिका सर्लाही

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको पशु विकास कार्यक्रम सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको छैठौं नगरसभाको हरिपुर नगरपालिका पेज नं. ११ को सि.नं. ७१ मा माग तथा आवश्यकताको आधारमा नगरकार्यपालिकाको निर्णय गरेको स्थानमा खर्च शिर्षक ३११३१ मा रुं ५०,००,०००।०० विनियोजन भएको रकम मध्येबाट देहायको कार्यक्रम गर्न निर्णय गरियो ।

| सि.न. | कार्यक्रमको विवरण | ईकाइ | आ.व.२०७७/०७८को प्रस्तावित बजेट रु.हजारमा | | कैफियत |
|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | |
| १. | पशु आहारा सेवा कार्यक्रम | | | | |
| | हिउँदे घाँस,जैको विउ वितरण | के.जी. | आ.अ. | २०० | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिती २०७७।०७।२०

| | | | | |
|---|---|---|---|---|
| | वर्षे घाँस,टियोसेन्टीको विउ वितरण | के.जी. | आ.अ. | ३०० |
| २. | पशुपंक्षी उपचार औषधी खरिद | पटक | आ.अ. | ५०० |
| ३. | हात्तिसारको प.से.के.को भवन मरम्मत संभार,विजुली जडान,शौचालय,रंगरोगन तथा तारवार | पटक | | ४५० |
| ४. | मत्स्य पालन उपचार अन्य | | आ.अ. | ४०० |
| ५. | पशुपंक्षी खोप तथा रोग नियन्त्रण | पटक | आ.अ. | ५०० |
| ६. | पशु विमा(उन्नतजातको ठूलो पशु) | पटक | प्रति पशु रु.१०००/-. | २५० |
| ७. | सामुदायिक तथा अन्य कुकुरलाई बन्ध्याकरणतथा रेविज खोप | पटक | आ.अ. | ४५० |
| ८. | पशुपंक्षी तथ्यांक संकलन | पटक | नगरभरी | १५० |
| ९. | च्याफ कटर वितरण ३०% लागत सहभागिता | | | २०० |
| १० | पशु स्वास्थ्य शिविर(ठाँउ पछि तोक्ने) | | | २०० |
| ११. | पशु सेवाका उपकरण खरिद | | | २०० |
| १२ | ५०% लागत सहभागितामा गोठ सुधार | | ४ वटा | ४०० |
| १३. | मासु पसल सुधार कार्यक्रममा ५०% लागत सहभागितामा | | ३ वटा | ३०० |
| १४. | उन्नत जातको बोका वितरण | | | ५०० |
| | | | जम्मा रु. | ५००० |

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको इलाका प्रहरी कार्यालयमा स्वास्थ्य शिविरको खर्च सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको छैठौ नगरसभाको हरिपुर नगरपालिकाको पेज नं. ९ को सि.नं. ४५ हरिपुर नगरपालिकामा विभिन्न स्वास्थ्य शिविर संचालनमा खर्च शिर्षक नं. २२५२९ मा रु. ९,००,०००।०० विनियोजन भएको रकम मध्येबाट मिति २०७७०७२२ गते सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत निशुल्क स्वास्थ्य शिविर संचालनको लागि आर्थिक प्रशासनिक औषधी खरिद गर्नका लागि रुं २,००,०००।०० स्वास्थ्य शाखा मार्फत खर्च गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका सर्लाही

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिती २०७७।०७।२०

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको पिडारी वर्थिंग सेन्टरको भवन सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ९ का स्थानीय वासिन्दाहरु वर्थिंग सेन्टर नरहेको र अन्य ठाउँमा बर्थिंग गराउन जानु भएको र समयमा उपचार नभएकोले मृत्यु समेत हुने भएकोले वडा नं. ९ पिडारीमा भवन निर्माणको लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको फर्निचर ब्यवस्थापन सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको छैठौ नगरसभाको हरिपुर नगरपालिका पेज नं. ११ को सि.नं. ६० मा सामाजिक संस्था सहायताको शिर्षक नं. २६४१३ मा रकम रु. ५,००,०००।०० विनियोजन भएको मध्येबाट यस नगरपालिकाको वडा नं. ६ स्थित मदरसा गौसिया रजाउल उलुमलाई फर्निचर ब्यवस्थपानको लागि रकम रु. २,००,०००।०० दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कोरोना संक्रमीत भएका स्वास्थ्यकर्मी तथा जनप्रतिनीधिहरुको खाजा तथा खाना सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका कोरोना भाइरसको संकमण भएका स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिहरुलाइ आइसोलेशनमा बसेको अबधिभरी दैनिक रु ३००।०० को दरले १४ दिन सम्मको एकमुष्ट रकम प्रकोप ब्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

हरिपुर नगरपालिका

२०७७।०७।२०
... प्रसाद ...
... प्रशासकिय अधिकृत